# माछापुच्छ्रे गाउँपालिकाको आर्थिक ऐन,२०७७

**प्रस्तावना :**

माछापुच्छ्रे गाउँपालकाकोआर्थिक वर्ष ०७७/०७८ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधान,२०७२ को धारा २२८ को उपधारा(२) बमोजिम माछापुच्छ्रे गाउँपालकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ**:-(१) यस ऐनको नाम "**आर्थिक ऐन २०७७**" रहेको छ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि माछापुच्छ्रे गाउँपालिका भरी लागु हुनेछ।

२. **भूमीकर(मालपोत)**:-(१)गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम भूमीकर(मालपोत) लगाईने र असुल गरिनेछ।

३. **घर बाहाल कर:-** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बाहालमा लगाए वापत अनुसूची (२) बमोजिम घर जग्गा बहाल कर लगाईने र असुल गरिनेछ।

४.**व्यवसाय कर:-** गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाईने र असुल गरिनेछ।

५.**जडिबुटी, कवाडी र जीवजन्तु कर:-** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, बनकस, कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिङ, प्वाख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (४) बमोजिमको कर लगाईने र असुल गरिनेछ।

६.**विज्ञापन कर:-** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (५) बमोजिमको विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

७.**मनोरञ्जन कर**ः गाँउपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८.**बहाल बिटौरी शुल्क**ः गाँउपालिका क्षेत्रभित्र आफुले निर्माण,रेखदेख वा संचालन गरेका सेवामा अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट, बजार वा पसलमा सोहि अनुसूची मा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल गरिनेछ।

९.**सेवाशुल्क,दस्तुर**ः गाँउपालिका निर्माण संचालन वा व्यवस्थापन गरेका सेवामा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राहि बाट अनुसूची(८) मा व्यवस्था भए अनुसार शुल्क लगाईने र असूल गरिनेछ।

**१०.घर नक्सा शुल्कः** गाउँपालिकाभित्र निर्माण गरिने भौतिक संरचनाहरुमा अनुसुची (९) बमोजिम शुल्क लगाइने र असुल गरिनेछ।

**११.निकासी करः** गाँउपालिका बाहिर निकासी गरिने ढुङ्गा, बालुवा, गिट्टीमा अनुसूची (१०) बमोजिम कर लगाइने र असुल गरिनेछ ।

**१२.घरधुरी करः** गाँउपालिका क्षेत्र भित्रका निजी आवास प्रयोजनका लागी बनेका घरधुरीबाट अनुसूची (११) बमोजिम कर लगाई असुल गरिनेछ।

तर, सम्पत्ति कर बुझाएपछि घरधुरीकर तिर्नुपर्नेछैन। पहिले घरधुरी कर बुझाएकामा सम्पत्ति कर बुझाउँदा पहिले बुझाँएको घरधुरी कर समायोजन गरिनेछ।

**१३.सम्पत्ती करः**(१)गाउँपालिका क्षेत्रभित्र रहेका निजी घर जग्गामा अनुसूची (१२) मा उल्लेख भए अनुसार सम्पत्तिको मुल्यांकन गरि सोहि मुल्यांकनको आधारमा कुल सम्पत्तिको मुल्यांकनमा सम्पत्ति कर लगाइने र असुल गरिनेछ।

(२)आर्थिक वर्षको पौष महिनासम्म सम्पत्ति कर बुझाउनेलाई बिस प्रतिशत छुट दिईने छ।

(३)आर्थिक वर्षको अन्तसम्म कर नबुझाउनेलाई अर्को आर्थिक वर्षमा कर बुझाउँदा पन्ध्र प्रतिशत जरिवाना लाग्नेछ।

(४)सम्पतीकर मुल्याङ्कन प्रयोजनको लागि विवरण पेश गर्दा झुटा विवरण पेश गरेको ठहरिएमा जुन जग्गाको झुटा विवरण पेश गरेको हो त्यसमा लाग्ने करको पचास प्रतिशत रकम जरिवाना लाग्नेछ।

**१४.प्राकृतिक श्रोत उपयोग करः-** गाउँपालिकाभित्र प्राकृतिक श्रोत उपयोग गरेबापत अनुसूची (१३) बमोजिमको कर लगाईने र असुल गरिने छ।

**१५.दण्ड तथा जरिवाना दस्तुरः-** यस गाँउपालिका भित्र अवैध तथा नियम विपरीत नदिजन्य प्राकृतिक श्रोत साधनको चोरी निकासी गरेको पाईएमा अनुसूची (१४) बमोजिमको दण्ड तथा जरिवाना दस्तुर लाग्नेछ।

**१६.पुराना घरहरुको अभिलेखीकरण करः-** यस गाँउपालिका भित्र भवन निर्माण आचार संहिता, २०७२ लागु हुनु पुर्व निर्माण भएका घरहरुको अभिलेखिकरण गर्न अनुसूची (१५) बमोजिमको दस्तुर लाग्नेछ।

**१७.कर छूटः-** यस ऐन बमोजिम कुनै व्यक्ति वा संस्थालाई कर छुट दिनु पर्ने भएमा कार्यापालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

**१८.कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः-** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलनको लागि गाँउ कार्यापालिकाले आवश्यक कार्यविधि बनाउन सक्नेछ।

**अनुसूची १ (नियम २ सँग सम्बन्धित)**

| क.स. | मालपोत भूमी कर प्रति रोपनी | दर रेट रु. |
|---|---|---|
| १. | ५ रोपनी सम्मको जम्मा | रु.२०। |
| २. | ५ रोपनी देखि २५ रोपनी सम्म प्रतिरोपनी | रु.१०। |
| ३. | २५ रोपनी भन्दा बढी प्रति रोपनी | रु.१५। |

**अनुसूची २ (नियम ३ सँग सम्बन्धित)**

| क.स. | घर बहाल कर | दर रेट रु. |
|---|---|---|
| १. | भाडा रकमको | १० प्रतिशत |

**अनुसूची३(नियम ४ सँग सम्बन्धित)**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोराना भाईरस (कोभिड-१९) रोगका कारण भएको बन्दाबन्दीकालेविभिन्न पेशा तथा व्यवसायलाई प्रभाव पारिरहेको बेला यस विषम परिस्थितीलाई मध्यनजर गरीआ.व. ०७७/०७८ मा माछापुच्छ्रे गाउँपालिका क्षेत्र भित्र दर्ता हुने सम्पुर्ण व्यवसायीहरुको व्यवसाय दर्तामा लाग्ने सबै प्रकारका शुल्कहरुलाई निःशुल्क गरिएको र नविकरणको लागि ५० प्रतिशतको छुटको व्यवस्था गरिएको छ।

**बार्षिक पेशा व्यवसाय दर्ता शुल्क र नविकरण शुल्क**

| क.स. | विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. |
|---|---|---|---|
| १ | रक्सी वियरको खुद्रा विक्री पसल | २५०० | १५०० |
| २ | चुरोट विडी सुर्तीजन्य पदार्थको खुद्रा पसल | १५०० | १००० |
| ३ | हल्का पेय पदार्थको पसल | २००० | १००० |
| ४ | सुनचाँदी पसल | २००० | १००० |
| ५ | औषधि खुद्रा पसल (डाक्टर भएको) | २००० | १००० |
| ६ | औषधी खुद्रा पसल (डाक्टर नभएको) | २००० | ७०० |
| ७ | हर्वल उत्पादन तथा आयूर्वेदिक औषधी खूद्रा | १००० | ५०० |
| ८ | एग्रोभेट खूद्रा पसल | १००० | ५०० |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | १५०० | ७०० |
| १० | मुद्रण सामाग्री खरिद बिक्री | १००० | ५०० |
| ११ | कस्मेटिक खुद्रा पसल | १००० | ५०० |
| १२ | मोटरपार्ट सामान बिक्री ग्यारेज सहित | २००० | १००० |
| १३ | मोटरपार्ट सामान बिक्री | २००० | १००० |
| १४ | ग्यारेज मात्र | १००० | ५०० |
| १५ | मोटर साईकल वर्कसप | १००० | ५०० |
| १६ | प्लाई तथा ग्लास हाउस पसल | ५००० | २००० |
| १७ | कपडा फेन्सी तथा व्याग खूद्रा पसल | २००० | १००० |

| | | | |
|---|---|---|---|
| १८ | धागो, टाँक, फस्नर खूद्रा पसल | १००० | ५०० |
| १९ | इलेक्ट्रोनिक खूद्रा पसल | १५०० | ५०० |
| २० | अडियो, भिडियो क्यासेट पसल | १५०० | ५०० |
| २१ | विधुत साम्रगी खुद्रा पसल | १५०० | ५०० |
| २२ | हार्डवयर | १०००० | ३००० |
| २३ | स्टील, आल्मूनियम खुद्रा पसल | २५०० | १००० |
| २४ | फ्लोरिङ तथा फर्निशर्स खुद्रापसल | ५००० | १५०० |
| २५ | इलेक्ट्रीक साईकल डिलर | १५०० | ७०० |
| २६ | रिकन्डिसन हाउस | ३००० | १५०० |
| २७ | खाद्यान्न ,किराना खुद्रा पसल | १५०० | ५०० |
| २८ | फलफूल ,तरकारी पसल | १००० | ५०० |
| २९ | कपडा पसल | १५०० | ५०० |
| ३० | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | १५०० | ७०० |
| ३१ | कविराज | १५०० | ५०० |
| ३२ | इन्जिनियरिङ परामर्श सेवा फर्म | २००० | ७०० |
| ३३ | लफर्म तथा कानुन परामर्श सेवा | १५०० | ५०० |
| ३४ | लेखापरीक्षण(सि.ए.) | २००० | १००० |
| ३५ | लेखापरीक्षण (र.ले.प) | १५०० | १००० |
| ३६ | दन्त चिकित्सा सेवा | २५०० | १००० |
| ३७ | अनुसन्धान/परार्मश कर्ता | १५०० | ५०० |
| ३८ | कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | १५०० | ५०० |
| ३९ | विमा एजेन्ट | २५०० | ५०० |
| ४० | पशु चिकित्सक | २५०० | ५०० |
| ४१ | निर्माण व्यवसायी घ वर्गको प्रमाणपत्र | १५००० | ५००० |
| ४२ | वाटरड्लिङ्गि उद्योग पुँजी लगानी आधारमा | ३००० | १००० |
| ४३ | प्लाष्टिक उद्योग | २००० | १००० |
| ४४ | चप्पल उद्योग | २००० | १००० |
| ४५ | ग्रील उद्योग | १००० | ५०० |
| ४६ | साबुन उद्योग (ठूला) | १००० | ५०० |
| ४७ | जूत्ता उद्योग | १५०० | ५०० |
| ४८ | जूत्ता मर्मत गर्ने | ५०० | २०० |
| ४९ | पशु आहार उद्योग | २००० | १००० |
| ५० | पशु आहार बिक्री केन्द्र | २००० | १००० |
| ५१ | कृषि फर्म तथा पशुपंन्छी उद्योग | १५०० | ७०० |
| ५२ | अगरबत्ती उद्योग | ५०० | २०० |

| | | | |
|---|---|---|---|
| ५३ | मैनबत्ती उद्योग (लगानी आधारमा) | ५०० | २०० |
| ५४ | टिकी उद्योग | ५०० | २०० |
| ५५ | अचार उद्योग | ५०० | २०० |
| ५६ | अन्य कुटिर उद्योग | ५०० | २०० |
| ५७ | कपडा उद्योग | ४००० | १५०० |
| ५८ | गार्मेन्ट उद्योग | २५०० | १००० |
| ५९ | ज्याकेट तथा व्याग उद्योग | २००० | १००० |
| ६० | होजियारी तथा धागो उद्योग | १५०० | ५०० |
| ६१ | सिरक डसना उद्योग /पसल | १००० | ५०० |
| ६२ | ढाका उद्योग | १००० | ५०० |
| ६३ | मिनरल वाटर उद्योग | २००० | १००० |
| ६४ | पिउने पानी सप्लायर्स | १५०० | ७०० |
| ६५ | आइसवरफ उद्योग | १००० | ३०० |
| ६६ | आइसक्रीम उद्योग | १००० | ३०० |
| ६७ | सोडा उद्योग | १००० | २०० |
| ६८ | कांस तामा पित्तल भाडा उद्योग | २००० | १००० |
| ६९ | आल्मुनियम भाडा उद्योग | १००० | ५०० |
| ७० | प्लास्टीक भाडा उद्योग | ३००० | १५०० |
| ७१ | टिनको बाकस वाल्टी स्टोभ | १५०० | १००० |
| ७२ | सेलरमिल | २००० | १००० |
| ७३ | कुटानी पेलानी मिल (हलरसमेत) | १५०० | ७०० |
| ७४ | मसला चिउरामिल | १५०० | ७०० |
| ७५ | कूकिज /पाउरोटी /नूडल्स उद्योग | १००० | ५०० |
| ७६ | कन्फेक्सनरी उद्योग | १००० | ७०० |
| ७७ | विस्कुट उद्योग | १५०० | ७०० |
| ७८ | दालमोठ उद्योग | १००० | ५०० |
| ७९ | फलाम कृषि औजर उद्योग | १००० | ५०० |
| ८० | कागज,प्लाष्टिक रिकण्डिसन उद्योग | १००० | ५०० |
| ८१ | हाइडोपावर सम्बन्धी पार्ट उत्पादन | ५००० | ३००० |
| ८२ | वायोग्यास उद्योग | ४००० | १५०० |
| ८३ | सौय शक्ति उत्पादन उद्योग | ३००० | १००० |
| ८४ | मर्मत सम्भार पार्ट बिक्री | २००० | ५०० |
| ८५ | समिल/ प्लाइउड उद्योग | १५००० | ५००० |
| ८६ | काठ बिक्री डिपो | २००० | १००० |
| ८७ | फाइबर र काठको फर्निचर उद्योग | २५०० | १००० |

| | | | |
|---|---|---|---|
| ८८ | बेत बाँसको उद्योग ब्याम्बो शोरुम | १००० | ५०० |
| ८९ | कंक्रिटव्लक उद्योग | ३००० | १५०० |
| ९० | सेनेटरी उद्योग तथा व्यवसाय | २००० | १००० |
| ९१ | गिट्टी बालुवा आदी संकलन तथा बिक्री | ३००० | १५०० |
| ९२ | क्रसर उद्योग | ७५००० | २५००० |
| ९३ | होटल लज (पर्यटक स्तरीय) | ४००० | २००० |
| ९४ | होटल एण्ड लज (स्थानीय) | २००० | १००० |
| ९५ | दोहरी साँझ | ६००० | २००० |
| ९६ | फास्टफुट तथा क्याफे | १००० | ५०० |
| ९७ | रेष्टूरेण्ट | १००० | ५०० |
| ९८ | होटल भोजनालय स्थानीय | १५०० | ७०० |
| ९९ | क्याटरिङ्ग/इभेन्ट मेनेजमेन्ट | २००० | १००० |
| १०० | मिष्ठान पसल | १५०० | ७०० |
| १०१ | टेण्ट हाउस | २००० | १००० |
| १०२ | अफसेट प्रेस | २५०० | १५०० |
| १०३ | स्किन प्रिन्ट प्रेस | १००० | ५०० |
| १०४ | टेलिफोन, मोबाइल, इन्टरनेटसेवा प्रदायक कम्पनी | ५००० | २००० |
| १०५ | इन्टरनेट वितरक | २००० | १००० |
| १०६ | टि .भी च्यानल प्रशारण सेवा | ३००० | १५०० |
| १०७ | केवुल च्यानल प्रशारण सेवा | ५००० | २५०० |
| १०८ | एफ. एम.प्रशारण सेवा | १००० | ५०० |
| १०९ | पत्रपत्रिका प्रकाशन सेवा | १००० | ५०० |
| ११० | वाणिज्य वैंक प्रति शाखा (कार्यालय) | ५००० | ३००० |
| १११ | विकास वैंक प्रति शाखा (कार्यालय) | ५००० | ३००० |
| ११२ | लघुवित्त कम्पनीहरु | ५००० | ३००० |
| ११३ | विमा कम्पनीहरु | ५००० | ३००० |
| ११४ | रेमिट्यान्स तथा मनी एक्सचेन्जर | १००० | ५०० |
| ११५ | वित्तिय सहकारी संस्था | २००० | - |
| ११६ | एम. आर.आइ .सि.टि स्क्यान अल्ट्रासाउण्ड क्लिनिक | ३००० | १५०० |
| ११७ | पोलिक्लिनिक | ३००० | १५०० |
| ११८ | प्याथोलोजी (दिसा, पिसाब, रगत जाँच) | १००० | ५०० |
| ११९ | अक्युपन्च्र फिजियोथेरापी स्वास्थ क्लिनिक | १५०० | ७०० |
| १२० | एक्सरेक्लिनिक | १००० | ५०० |

| | | | |
|---|---|---|---|
| १२१ | चश्मापसल | ५०० | २०० |
| १२२ | क्याम्पस /उच्च माध्यमिक विद्यालय | २०००० | १०००० |
| १२३ | माध्यामिक विद्यालय | १५००० | ७००० |
| १२४ | निम्न माध्यमिक विद्यालय | ६००० | ३००० |
| १२५ | प्राथमिक विद्यालय/पूर्वप्राथमिक विद्यालय | ४००० | २००० |
| १२६ | छात्र/छात्रावास | १००० | ५०० |
| १२७ | मन्टेश्वरी तथा शिशूस्याहार केन्द्र | ४००० | २००० |
| १२८ | कम्प्यूटर /ईलेक्ट्रानिक तालीम केन्द्र | १००० | ५०० |
| १२९ | सवारीचालक तालीम केन्द्र | १००० | ५०० |
| १३० | भाषा शिक्षा इन्स्टिच्युट कोचिङ्ग सेन्टर | १००० | ५०० |
| १३१ | पेन्टिङ्ग | १००० | ५०० |
| १३२ | मोवाइल मर्मत पसल | ५०० | २०० |
| १३३ | रेडियो घडी मर्मत पसल | ५०० | २०० |
| १३४ | व्युटी पार्लर सेवा | ५०० | २०० |
| १३५ | सैलून २ सीटसम्म सैलून सेवा | ८०० | ३०० |
| १३६ | ड्राइक्लिनिक सेवा | ५०० | ३०० |
| १३७ | अन्य आर्ट व्यवसाय | ५०० | २०० |
| १३८ | पशु बधशाला | ३००० | २००० |
| १३९ | पशूको छाला संकलन तथा बिक्री केन्द्र | २००० | १००० |
| १४० | प्यकिङ माछा मासु सप्लायर्स | १५०० | १००० |
| १४१ | अण्डा बिक्री पसल | १००० | ५०० |
| १४२ | भाडा तथा किचन समाग्री  पसल | १००० | ५०० |
| १४३ | स्पोटर्स समाग्री बिक्री पसल | २००० | १००० |
| १४४ | गिफ्ट बिक्री पसल | २००० | १००० |
| १४५ | खेलौना पसल | १००० | ५०० |
| १४६ | फोटो फ्रेम पसल | १००० | ५०० |
| १४७ | सिलाई मेसिन मर्मत तथा सिलाई पसल | ५०० | २०० |
| १४८ | सिलाई पसल | १००० | ५०० |
| १४९ | बुटिक ल्याब्रटोरी | १००० | ५०० |
| १५० | साना उद्योग | ३००० | १५०० |
| १५१ | डिस्टिव्युटर्स/थोक पसल | ३००० | १५०० |
| १५२ | खुद्रा सामाग्री विक्री पसल | २००० | १००० |
| १५३ | सेवा तथा अन्य व्यवसाय | १५०० | १००० |
| १५४ | ट्राभल,टर्स,ट्रेकिङ एजेन्सी | २००० | १००० |
| १५५ | स्नुकर पुल हाउस | १५०० | १००० |

| | | | |
|---|---|---|---|
| १५६ | ग्याँस सिलिण्डर विक्री | १५०० | १००० |
| १५७ | रेफ्रिजेरेटर वर्क सप | १५०० | १००० |

**अनुसूची४ (नियम ५ सँग सम्बन्धित)**

| क्र.स. | सामान | दर रु.प्रति के.जि. |
|---|---|---|
| १. | जडीबुटी (सामान्य खालका) | ५०। |
| २. | हाड सिङ | ०.५०। |
| ३. | छाला प्रति गोटा | २०। |

**अनुसूची५ (नियम ६ सँग सम्बन्धित)**

| क्र.स. | विज्ञापन दर | कर/शुल्क/दस्तुर रु. |
|---|---|---|
| १. | साईनवोर्ड,ग्लोबोर्ड,स्टल आदिमा २५ वर्गफुट भन्दा माथि | ८००। |
| २. | साईनवोर्ड,ग्लोबोर्ड,स्टल आदिमा २५ वर्गफुट सम्म | ५००। |
| ३. | तुल व्यानर एक हप्ताको लागि | १००। |
| ४. | तुल व्यानर एक हप्ता भन्दा बढि | २००। |

**अनुसूची६ (नियम ७ सँग सम्बन्धित)**

| क्र.स. | मनोरञ्जन कर | कर/शुल्क/दस्तुर रु. |
|---|---|---|
| १. | जादु,सर्कस र खेलतमासा क्रमश:प्रति दिन | ३००। |
| २. | फिल्म सुटिङ प्रतिदिन | ४००। |
| ३. | क्यानोनिङ प्रतिदिन प्रतिव्यक्ति | १००। |

**अनुसूची ७(नियम ८ सँग सम्वन्धित)**

| क्र सं | वहालबिटौरीकर | कर/शुल्क/दस्तुर रु. |
|---|---|---|
| १. | फेन्सी/खूद्रा सामान गाडीद्धारा घुमाएर वेच्नेहरुका लागी प्रतिपटक | २००। |
| २. | खाद्यन्न सामान गाडीद्धारा घुमाएर वेच्नेहरुको लागी प्रतिपटक | १००। |
| ३. | आलु/तरकारी गाडीद्धारा घुमाएर वेच्नेहरुको लागी प्रतिपटक | ५०। |
| ४. | पोका /झोलामा सामान राखी मोटर साईकल/मानिस आफैले बेच्ने प्रतिपटक | ५०। |
| ५. | नदीमा राफ्टिङ गर्ने पर्यटकहरुलाई प्रति व्यक्ति प्रति पटक | ५०। |
| ६. | रांगा भैंसी वंगुर प्रतिगोटा | २०। |
| ७. | खसी वोका प्रति गोटा | ५। |
| ८. | हाँस कुखुरा र अन्य पंक्षी प्रति गोटा | ५। |

अनुसूचीट(नियम ९ सँग सम्वन्धित)

<table>
<tr><th>क्र सं</th><th colspan="2">विवरण</th><th rowspan="2">कर/शुल्क/दस्तुर रु.</th></tr>
<tr><th>१</th><th colspan="2">सिफारिस</th></tr>
<tr><td rowspan="2">१.१</td><td rowspan="2">नाता प्रमाणित</td><td>नेपाली</td><td>२००।</td></tr>
<tr><td>अंग्रेजी</td><td>३००।</td></tr>
<tr><td>१.२</td><td colspan="2">ट्राभल डकुमेन्ट सिफारिस</td><td>२००।</td></tr>
<tr><td rowspan="4">१.३</td><td>जग्गा प्रशासन</td><td>नामसारी सिफारिस</td><td>५००।</td></tr>
<tr><td rowspan="3">घर वाटो सिफारिस</td><td>मुख्य मार्गको दाँया वाँया</td><td>४००/३००।</td></tr>
<tr><td>भित्री शाखा वाटो दाँया वाँया</td><td>३००।</td></tr>
<tr><td>मोटर वाटोमा नपर्ने सवै</td><td>२००।</td></tr>
<tr><td>१.४</td><td colspan="2">चार किल्ला प्रमाणित सिफारिस</td><td>२००।</td></tr>
<tr><td>१.५</td><td colspan="2">पेन्सन कार्ड वा सो सम्वन्धी अन्य सिफारिस</td><td>३००।</td></tr>
<tr><td>१.६</td><td colspan="2">हकवाला संरक्षण सम्वन्धी सिफारिस</td><td>२००।</td></tr>
<tr><td>१.७</td><td>संघ संस्था दर्ता सम्वन्धी सिफारिस (युवा क्लव,आमा समुह)</td><td></td><td>५००।</td></tr>
<tr><td rowspan="4">१.८</td><td rowspan="4">निजी विद्यालय दर्ता र स्तर वृद्धि स्तर अनुसार</td><td>शिशु विकास केन्द्र</td><td>५००।</td></tr>
<tr><td>आधारभुत</td><td>१०००।</td></tr>
<tr><td>मा.वि</td><td>२०००।</td></tr>
<tr><td>स्नातक तह र सो भन्दा माथी</td><td>५०००।</td></tr>
<tr><td rowspan="2">१.९</td><td rowspan="2">रुख कटान सिफारिस</td><td>चाप खयर र साल प्रति रुख</td><td>५००।</td></tr>
<tr><td>अन्य काठजन्य प्रति रुख</td><td>३००।</td></tr>
<tr><td>१.१०</td><td colspan="2">अंग्रेजी रुपान्तर</td><td>४००।</td></tr>
<tr><td>१.११</td><td colspan="2">वंशजको नागरिकता सम्वन्धि सिफारीस</td><td>१००।</td></tr>
<tr><td>१.१२</td><td colspan="2">अंगिकृत नागरिकता सम्वन्धी सिफारिस</td><td>५००।</td></tr>
<tr><td>१.१३</td><td colspan="2">नाम छुटको सिफारिस</td><td>२००।</td></tr>
<tr><td>१.१४</td><td colspan="2">कर चुक्ता प्रमाणपत्र</td><td>२००।</td></tr>
<tr><td>१.१५</td><td colspan="2">सनाखतको सिफारिस</td><td>२००।</td></tr>
<tr><td>१.१६</td><td colspan="2">जन्म, विवाह, मृत्यु सम्वन्धी सिफारिस</td><td>२००।</td></tr>
<tr><td rowspan="2">१.१७</td><td rowspan="2">अविवाहित प्रमाणित</td><td>नेपाली</td><td>५००।</td></tr>
<tr><td>अंग्रेजीमा</td><td>७००।</td></tr>
<tr><td>१.१८</td><td colspan="2">स्थाई वसोवास सम्वन्धी सिफारिस</td><td>२००।</td></tr>
<tr><td>१.१९</td><td colspan="2">नाम, थर जन्म मिति संशोधन सिफारिस</td><td>२००।</td></tr>
<tr><td>१.२०</td><td colspan="2">सर्जमिन मुचुल्का शुल्क</td><td>३००।</td></tr>
<tr><td>१.२१</td><td colspan="2">अमिन शुल्क प्रतिदिन</td><td>३५००।</td></tr>
</table>

| क सं | विवरण | | कर/शुल्क/दस्तुर रु. |
|---|---|---|---|
| १ | सिफारिस | | |
| १.२२ | विद्युत जडान सम्वन्धी सिफारिस | सामान्य | ५००। |
| | | थ्रिफेज | २०००। |
| १.२३ | टेलीफोन जडान सम्वन्धी सिफारिस | | ५००। |
| १.२४ | नक्सापास | नक्सापास संशोधन | २०००। |
| | | नक्सापास म्याद थप | २०००। |
| | | नक्सापास नामसारी | १०००। |
| १.२५ | चारित्रिक सिफारिस | | ५००। |
| १.२६ | कन्सुलर प्रमाणीत | | ३००। |
| १.२७ | विद्युत टेलीफोन खानेपानी सम्वन्धी नामसारी सिफारिस | | ५००। |
| १.२८ | उद्योग दर्ता सिफारिस | ठुलो | २०००। |
| | | सानो | १०००। |
| १.२९ | व्यवसाय दर्ता सिफारिस | ठुलो | १०००। |
| | | सानो | ५००। |
| १.३० | छात्रबृत्ति सम्वन्धी सिफारिस | | २००। |
| १.३१ | निशुल्क उपचार सिफारिस | | निशुल्क |
| १.३२ | डोजर संञ्चालन अनुमति सिफारिस | व्याकलोडर प्रतिदिन | १०००। |
| | | एक्साभेटर प्रतिदिन | १५००। |
| | | ब्रेकर प्रतिदिन | १५००। |

| २ | सेवा शुल्क | | कर/ शुल्क/ दस्तुर रु. |
|---|---|---|---|
| २.१ | निवेदन फारम तथा अनुसूची फारम प्रतिपाना | | १०। |
| २.२ | ब्यक्तिगत घटना दर्ता जरिवाना३५ दिन कटेका | | १००। |
| २.३ | पति पत्नीको सम्वन्ध विच्छेद निववेदन दर्ता दस्तुर | | २००। |
| २.४ | निवेदन दर्ता शुल्क न्यायिक समिति | | १००। |
| २.५ | भवन निर्माण दरखास्त फारम | | ५००। |
| २.६ | परीक्षा सम्वन्धी दरखास्त फारम शुल्क | | ५०। |
| २.७ | परीक्षा दस्तुर | सहायक स्तर | ७००। |
| | | अधिकृत स्तर | १०००। |
| | | प्रत्येक समावेशीको लागी थप रु | २००। |
| २.८ | निवेदन नक्लल प्रतिपाना | कार्यालयले सार्दा | ५। |
| २.९ | घर पालुवा कुकुर दर्ता र नवीकरण दस्तुर | | ३०। |
| २.१० | भरुवा वन्दुक नविकरण | जिल्लाभर | १००। |
| | | राज्यभर | २००। |

| | | | |
|---|---|---|---|
| २.११ | घर निर्माण नक्साको नक्कल दस्तुर | एक तला | १५। |
| | | सो भन्दा माथी प्रति तला थप | ५। |
| २.१२ | मिलापत्र दस्तुर | प्रति पक्ष | ३००। |
| २.१३ | सम्पत्ति मुल्याङ्कन सेवा शुल्क | प्रतिहजार | १ |
| २.१४ | अस्थाई क्रसर संञ्चालन अनुमति | | ४००००। |
| २.१५ | अन्य प्रशासनिक सेवा शुल्क | नियमानुसार | |
| २.१६ | वोलपत्र फारम तथा दरभाउ पत्र दस्तुर | | |
| २.१७ | निवेदन दस्तुर | | |
| २.१८ | व्यवसायिक प्रमाण पत्र जारी तथा नविकरण शुल्क | | |

| ३ | आय स्रोत प्रमाणित | कर/ शुल्क/ दस्तुर रु. |
|---|---|---|
| ३.१ | रु १० लाख सम्म | १०००। |
| | रु २० लाख सम्म | १५००। |
| | रु ३० लाख सम्म | २०००। |
| | रु ४० लाख सम्म | ३०००। |
| | रु ५० लाख सम्म | ५०००। |
| | रु ५० लाखभन्दा वढी प्रत्येक १० लाखमा | २००।का दरले थप |

**अनुसूची ९नियम १० सँग सम्बन्धित**

| घर नक्सा पास दस्तुर | | | |
|---|---|---|---|
| **क्र सं** | **भौतिक संरचनाको विवरण** | | **करको दर प्रति व. फि. ने रु मा** |
| | | | **नक्सा क्षेत्र** |
| १ | आर.सी.सी.फ्रेम स्ट्रकचर | पुर्ण भुमिगत तला | ५। |
| | | अर्ध भुमिगत तला | ६। |
| | | जमिन तला | ८। |
| | | पहिलो तला | १०। |
| | | दोस्रो तला | १२। |
| | | तेस्रो तला | १५। |
| | | चौथो तला | २०। |
| | | पाचौ तला वा सो भन्दा भन्दा माथी | २५। |

| | | |
|---|---|---|
| २ | जोडाईमा ईटा वा ढुङगाको गारो (न्युनतम २३ से. मी. मोटाई) आर. सी. सी. जस्ता पाता छाना | ४। |
| ३ | माटोको जोडाईमा ईटा वा ढुङगाको प्रमाण दिने | एक मुष्ठ रु१०००। |

**अनुसूची १०नियम ११ सँग सम्बन्धित**

| क्र सं | निकासी कर | कर/शुल्क/दस्तुर रु. |
|---|---|---|
| १. | स्पेशल कटिङ्ग ढङ्गा प्रति गोटा | १।०० |
| २. | लोकल ढुङ्गा प्रति घनमिटर | ५०।०० |
| ३. | वालुवा प्रति घनमिटर | ५०।०० |
| ४. | गिट्टि /चोकर प्रति घनमिटर | ५०।०० |

**अनुसूची ११नियम १२ सँग सम्बन्धित**

| क्र सं | घरधूरी कर | कर/शुल्क/दस्तुर रु. |
|---|---|---|
| १. | कच्ची घर | ५०।०० |
| २. | पक्की घर | २००।०० |

**अनुसूची १२नियम १३ सँग सम्बन्धित**
**माछापुच्छ्रे गा.पा. वडा नं १ माछापुच्छ्रे**

| क्र सं | साविक माछापुच्छ्रे गा.वि.स | ईकाई | रकम |
|---|---|---|---|
| क. | लाहाचोक हुदै माछापुच्छ्रे जाने ग्रामिण सडक दायावायाको जग्गा | प्रतिरोपनी | ७५००००। |
| ख. | अन्य मोटरेवल वाटो दायावायाको जग्गा | प्रतिरोपनी | २२००००। |
| ग. | खेत तर्फ | प्रतिरोपनी | १५००००। |
| घ. | पाखो तर्फ | प्रतिरोपनी | २५०००। |

**माछापुच्छ्रे गा.पा. वडा नं २ सार्दिखोला**

| क्र सं | साविक सार्दिखोला गा. वि. स. | ईकाई | रकम |
|---|---|---|---|
| क. | लामाचौर माछापुच्छ्रे पक्की सडक हेल्थपोस्ट सम्म दायावायाको जग्गा | प्रतिरोपनी | ८०००००। |
| ख. | अन्य सहायक मोटरेवल वाटो दायावायाको जग्गा | प्रतिरोपनी | ५५००००। |
| ग. | खेत तर्फ | प्रतिरोपनी | १५००००। |
| घ. | पाखो तर्फ | प्रतिरोपनी | ८००००। |

### माछापुच्छ्रे गा.पा. वडा नं ३घाचोक

| क्र सं | साविक घाचोक गा. वि. स. | ईकाई | रकम |
|---|---|---|---|
| क. | हेम्जा मिलनचोक देखी लाहाचोक घाचोक शुक्ला गण्डकी मा.वि.भुजेल थर हुदै माछापुच्छ्रे जाने मुलवाटोको दायावाया को जग्गा | प्रतिरोपनी | ८००००० । |
| ख. | अन्य सहायक मोटरेवल वाटो दायावायाको जग्गा | प्रतिरोपनी | ६००००० । |
| ग. | खेत तर्फ | प्रतिरोपनी | २००००० । |
| घ. | पाखो तर्फ | प्रतिरोपनी | १००००० । |

### माछापुच्छ्रे गा.पा. वडा नं ४ लाहाचोक

| क्र सं | साविक लाहाचोक गा. वि. स. | ईकाई | रकम |
|---|---|---|---|
| क. | लाहाचोकहुदै माछापुच्छ्रे जाने मुल वाटोको दायावायाको जग्गा | प्रतिरोपनी | १५००००० । |
| ख. | जोगीचौर वानेटाकुरा दायावायाको जग्गा | प्रतिरोपनी | १५००००० । |
| ग. | अन्य सहायक मोटरेवल वाटो दायावायाको जग्गा | प्रतिरोपनी | १०००००० । |
| घ. | खेत तर्फ | प्रतिरोपनी | ५००००० । |
| ङ. | पाखो तर्फ | प्रतिरोपनी | २००००० । |
| च. | मुल गुरु वाटो समीवगर जाने वाटोको दायावायाको जग्गा | प्रतिरोपनी | १५००००० । |

### माछापुच्छ्रे वडा नं ५ रिभान

| क्र.स. | साविक रिभान गा.वि.स | ईकाई | रकम |
|---|---|---|---|
| क. | लाहाचोक रिभान ग्रामिण सडक दायाँबायाको जग्गा | प्रतिरोपनी | ४,५०००० । |
| ख. | मर्दिपुल रिभान हिलेवगर सडक दायाँबायाको जग्गा | प्रतिरोपनी | ४,५०००० । |
| ग. | अन्य शाखा बाटो दायाँबायाको जग्गा | प्रतिरोपनी | २,००००० । |
| घ. | खेततर्फ | प्रतिरोपनी | १,५०,००० । |
| ङ. | पाखोतर्फ | प्रतिरोपनी | ६०,००० । |

### माछापुच्छ्रे वडा नं ६ धिताल

| क्र.स. | साविक धिताल गा.वि.स | ईकाई | रकम |
|---|---|---|---|
| क. | हेमजा-अस्ताम धम्पुस ग्रामिण सडक दायाँबायाको जग्गा | प्रतिरोपनी | ६,००००० । |
| ख. | गैरीगाँउ-धिताल सडक दायाँबायाको जग्गा | प्रतिरोपनी | ५,००००० । |
| ग. | अन्य सहायक मोटरबाटो दायाँबायाको जग्गा | प्रतिरोपनी | ३,००००० । |
| घ. | खेततर्फ | प्रतिरोपनी | १,५०,००० । |
| ङ. | पाखोतर्फ | प्रतिरोपनी | १,५०,००० । |

**माछापुच्छ्रे वडा नं ७ धम्पुस**

| क.स. | साविक धम्पुस गा.वि.स | ईकाई | रकम |
|---|---|---|---|
| क. | घट्टेखोला- धम्पुस ग्रामिण सडक दायाँबायाको जग्गा | प्रतिरोपनी | ७,००००० । |
| ख. | देउराली-खानीगाँउ सडक दायाँबायाको जग्गा | प्रतिरोपनी | ५,००००० । |
| ग. | धम्पुस-छापा-देउराली सडक दायाँबायाको जग्गा | प्रतिरोपनी | ७,००००० । |
| घ. | अन्य सहायक मोटरबाटो दायाँबायाको जग्गा | प्रतिरोपनी | ३,५०,००० । |
| ङ. | खेततर्फ | प्रतिरोपनी | १,३०,००० । |
| च. | पाखोतर्फ | प्रतिरोपनी | ७०,००० । |

**माछापुच्छ्रे वडा नं ८ ल्वाङघलेल**

| क.स. | साविक ल्वाङघलेल गा.वि.स | ईकाई | रकम |
|---|---|---|---|
| क. | धिताल भिडावारी लुम्रे सैदिघट्ट ग्रामिण सडक दायाँबायाको जग्गा | प्रतिरोपनी | ८,००००० । |
| ख. | अन्य सहायक मोटरबाटो दायाँबायाको जग्गा | प्रतिरोपनी | ३,००००० । |
| ग. | खेततर्फ | प्रतिरोपनी | १,३०,००० । |
| घ. | पाखोतर्फ | प्रतिरोपनी | ६०,००० । |

**माछापुच्छ्रे वडा नं ९ घलेल**

| क.स. | साविक ल्वाङघलेल गा.वि.स | ईकाई | रकम |
|---|---|---|---|
| क. | लुम्रे घलेल कालीमाटि नागि सिदिङ हिले वगर,सोदिखोला दायाँबायाको जग्गा | प्रतिरोपनी | ६,००००० । |
| ख. | अन्य सहायक बाटो दायाँबायाको जग्गा | प्रतिरोपनी | ३,००००० । |
| ग. | खेततर्फ | प्रतिरोपनी | १,५०,००० । |
| घ. | पाखोतर्फ | प्रतिरोपनी | ५०,००० । |

**सम्पतीकरको दरः-**

| क.स. | कर योग्य सम्पतीको मुल्य रु | बार्षिक कर दर |
|---|---|---|
| १. | पाँच लाख सम्मको मुल्याङ्कनमा | एकमुष्ठ रु ५० । |
| २. | पाँच लाख देखि पचास लाख रुपियाँसम्म | प्रति लाख रु.१० । |
| ३ | एकाउन्न लाख देखि एक करोड रुपियाँसम्म | प्रति लाख रु.२० । |
| ४. | एक करोड एक लाख रुपिया देखि दुई करोड रुपियाँसम्म | प्रति लाख रु.२५ । |
| ५. | दुई करोड एक लाख रुपिया देखि तिन करोड रुपियाँसम्म | प्रति लाख रु.३० । |
| ६. | तिन करोड एक लाख रुपिया देखि पाँच करोड रुपियाँसम्म | प्रति लाख रु.४५ । |
| ७. | पाँच करोड एक लाख रुपिया देखि माथि सम्म | प्रति लाख रु.५० । |

**अनुसूची१३(नियम १४ सँग सम्बन्धित)**

| क्र.स. | प्राकृतिक स्रोत साधन उपयोग कर | | कर/शुल्क/दस्तुर |
|---|---|---|---|
| १. | गिटि, बालुवा,ग्राभेल | प्रति घन मिटर | १५०। |
| २. | बालुवा | प्रति घन मिटर | १५०। |
| ३. | कटिङ ढुङ्गा (घरको भित्तामा टास्ने) | प्रति ट्रक | ५००। |
| | | प्रति टयाक्टर | ३००। |
| ४. | छपनी सादा ढुङ्गा | प्रति ट्रक | ३००। |
| | | प्रति टयाक्टर | २००। |
| ५. | कालो माटो र रातो माटो | प्रति ट्रक | २००। |
| | | प्रति टयाक्टर | १००। |

**अनुसूची१४ (नियम १५ सँग सम्बन्धित)**

| क्र.स. | नियम विपरीत नदिजन्य प्राकृतिक श्रोत साधनको चोरी निकासी गरे बापत लाग्ने दण्ड तथा जरिवाना दस्तुर | | दस्तुर |
|---|---|---|---|
| १. | टयाक्टर | प्रथम पटक | १००००। |
| २. | मिनि टिप्पर | प्रथम पटक | १२०००। |
| ३. | ट्रक/टिप्पर | प्रथम पटक | १४०००। |
| ४. | सबै किसिमका मालवाहाक साधान | दोस्रो पटक देखि | १५०००। सहित सामान जफत |

**अनुसूची१५ (नियम १६ सँग सम्बन्धित)**

| घर नक्शा पास दस्तुर | | | |
|---|---|---|---|
| क्र.स. | भौतिक संरचनाको विवरण | | करको दर प्रति व.फि.ने.रु.मा |
| १ | पक्की घर | पूर्ण भूमिगत तला | २ |
| | | अर्ध भूमिगत तला | ३ |
| | | जमिन तला | ३ |
| | | पहिलो तला | ४ |
| | | दोस्रो तला | ५ |
| | | तेस्रो तला | ६ |

| घर अभिलेखिकरण दस्तुर | | | |
|---|---|---|---|
| क्र.स. | भौतिक संरचनाको विवरण | | शुल्क |
| १ | घरको प्रकार | कच्ची ढुङ्गा माटोको घर | ३०० |
| | | व्लकको गारो भएको घर | ५०० |
| | | पक्की आर.सि.सि.घर | १००० |